द.नं. १५४१८३/०७३/०७४

स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.

Swabhimaan Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था (प्रादेशिकस्तर कार्य क्षेत्र भएको)

केन्द्रीय कार्यालय, तिलोत्तमा-५, रूपन्देही

प.सं. २०८१/८२
च.नं. ४५४

मिति: २०८२/०१/१४

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा, काठमाडौं ।

बिषय: त्रैमासिक प्रतिबेदन पेश गरीएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको आ.ब २०८१/८२ को तेस्रो त्रैमासिक प्रतिवेदन यसै साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध गर्दछु । साथै उक्त प्रतिवेदन मिति २०८२/०१/११ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको व्यहोरा समेत अनुरोध गर्दछु ।

संलग्न

१. प्रकाशित वित्तीय विवरणको प्रमाणित प्रतिलिपी -१ प्रती

भवदीय

.....

(ध्रुब राज कोइराला)
सहायक महाप्रबन्धक

फोन: ०७१-५६१२५८,५६१२५९ e-mail: info@swabhimaanlaghubitta.com.npwebsite:swabhimaanlaghubitta.com

दर्ता नं.१५४१८३/०७३/०७४

स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.

Swabhimaan Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त लघुवित्त वित्तीय संस्था (प्रादेशिकस्तर कार्य क्षेत्र सप्तरी)

केन्द्रीय कार्यालय, तिलोत्तमा-५, रुपन्देही

UNAUDITED FINANCIAL RESULT (Quarterly)

As at the end of Third Quarter (31/12/2081) of the Fiscal Year 2081/082

(Rs. In '000')

S.N.	Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
1	**Total Capital & Liabilities (1.1 to 1.7)**	**2,957,080.27**	**2,888,543.81**	**2,392,682.96**
1.1	Paid-up Capital	146,138.58	146,138.58	146,138.58
1.2	Reserves and Surplus	83,095.85	87,502.68	62,107.14
1.3	Debenture and Bond	-	-	-
1.4	Borrowings	1,829,862.11	1,812,346.41	1,489,739.11
1.5	Deposits (a+b)	**837,466.53**	**803,575.02**	**669,737.44**
	a. Domestic Currency	837,466.53	803,575.02	669,737.44
	b. Foreign Currency	-	-	-
1.6	Income Tax Liabilities	-	-	-
1.7	Other Liabilities	60,517.21	38,981.13	24,960.69
2	**Total Assets (2.1 to 2.7)**	**2,957,080.27**	**2,888,543.81**	**2,392,682.96**
2.1	Cash & Bank Balance	15,316.88	15,970.20	13,217.49
2.2	Money at call and short Notice	142,715.09	173,172.92	90,253.71
2.3	Investments	1,000.00	-	1,500.00
2.4	Loans & Advances (a+b+c+d+e+f)	**2,731,845.03**	**2,633,902.81**	**2,227,882.68**
2.5	Fixed Assets	27,841.30	26,779.63	27,556.79
2.6	Non Banking Assets	-	-	-
2.7	Other Assets	38,361.96	38,718.24	32,272.28
3	**Profit and Loss Account**			
3.1	Interest income	265,209.51	169,416.45	218,464.10
3.2	Interest Expense	146,748.93	98,030.57	158,490.55
A	**Net Interest Income (3.1-3.2)**	**118,460.58**	**71,385.88**	**59,973.55**
3.3	Fees Commission and Discount	2,629.70	1,701.28	3,109.11
3.4	Other Operating Income	19,423.37	13,495.08	25,009.71
3.5	Foreign Exchange Gain/Loss (Net)	-	-	-
B	**Total Operating Income (A+3.3+3.4+3.5)**	**140,513.65**	**86,582.24**	**88,092.37**
3.6	Staff Expenses	69,526.01	45,487.13	61,796.17
3.7	Other Operating Expenses	22,133.25	14,782.02	17,842.23
C	**Operating profit Before Provision (B-3.6-3.7)**	**48,854.39**	**26,313.09**	**8,453.97**
3.8	Provision for Possible Loss	40,452.43	29,510.69	35,488.09
D	**Operating profit (C-3.8)**	**8,401.96**	**-3,197.60**	**-27,034.12**
3.9	Non Operating Income/Expenses (Net)	-	-	-
3.10	Write Back of Provision for Possible Loss	48,324.18	35,470.56	29,894.40
E	**Profit From Regular Activities (D+3.9+3.10)**	**56,726.15**	**32,272.96**	**2,860.28**
3.11	Extraordinary Income/Expenses (Net)		-	
F	**Profit Before Bonus and Taxes (E+3.11)**	**56,726.15**	**32,272.96**	**2,860.28**
3.12	Provision For Staff Bonus	5,672.61	3,227.30	286.03
3.13	Provision For Tax	15,316.06	8,713.70	772.27
G	**Net Profit/Loss (F-3.12 -3.13)**	**35,737.47**	**20,331.96**	**1,801.97**
4	**Ratios**			
4.1	Capital Fund to RWA	8.28%	8.35%	8.65%
4.2	Non Performing Loan (NPL) to Total Loan	4.11%	3.42%	3.70%
4.3	Total Loan Loss Provision to total NPL	33.93%	40.29%	35.05%
4.4	Average Cost of Funds	7.82%	8.54%	9.29%
4.5	CD Ratio (Calculated as per NRB Directives)	326.20%	327.77%	332.65%
	Additional Information			
	Average Base Rate	12.77%	13.69%	14.40%

"सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखापरिक्षकले थप/घट गर्न निर्देशन दिएमा परिस्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ"

ब्याजदर	
बचत तथा निक्षेपमा ७.५ देखी ८.९४ प्रतिशत सम्म	**कर्जा सेवामा** १३ देखी १५ प्रतिशत सम्म

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१)संग सम्बन्धित अनुसूची-१४ बमोजिम

आ.ब. २०८१/०८२ को तेस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय बिबरण :**

(क) त्रैमासिक अवधीको बासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

प्रमाणित
आन्तरिक लेखापरीक्षक

Swabhimaan Laghubitta Bittiya Sanstha Limited
Tilottama-5, Rupandehi

(ख) प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मूल्य	तरलता अनुपात
३२.६१	५८.१५	१८१.३२	२०२३.४८	१८.८७%

२. **व्यवस्थापकीय विश्लेषण:**

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण : तेस्रो त्रैमासिक अबधिमा यस वित्तीय संस्थाको मौज्दात र तरलतामा वित्तीय संस्थाले अनुमान गरे अनुसारको स्थिरता कायम रहेको छ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण : यस त्रैमासको अन्त्य सम्ममा यस वित्तीय संस्थाले लुम्बिनी प्रदेशका सात वटा जिल्लाहरुमा ३६ शाखा कार्यालय मार्फत ३४,६७९ विपन्न घरपरिवारहरुमा लघुवित्त सेवा प्रदान गरिरहेको छ। यस संस्थाले आगामी दिनमा वित्तीय पहुंच कम भएका क्षेत्रहरुमा लघुवित्त कार्यक्रम विस्तार गर्ने व्यवसायिक योजना रहेको छ। ग्राहकको परियोजना सुचारु गर्न आवश्यक वित्तीय स्रोत उपलब्ध गराउने, वित्तिय साक्षरता प्रदान गर्दै कर्जा असुली र गुणस्तरलाई प्रभावकारी बनाउने, कर्मचारीको क्षमतामा अभिबृद्धि गरी उत्पादकत्वमा अभिबृद्धि गर्ने, अनुगमन तथा सुपरीवेक्षण कार्यलाई चुस्त दुरुस्त बनाउदै कार्यक्रमको गुणस्तर बृद्धिमा जोड दिई संस्थाको आगामी वर्षको योजना हासिल गर्ने रणनिती अवलम्बन गरिएको छ।

(ग) बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : श्रोतको परनिर्भरता, कर्जा लगानीमा निर्धारित ब्याजदरको सीमा, कर्जाको दोहोरोपना, अस्वस्थ प्रतिस्पर्धा आदि जस्ता समस्याले गर्दा संस्थाको आम्दानीमा प्रत्यक्ष असर पर्नेभएता पनि वित्तीय संस्था बार्षिक योजना बमोजिम कर्जा लगानी गरी वित्तीय संस्था नाफामा रहेको छ। वित्तीय संस्थाले समय परिस्थिती अनुसार जोखिम न्यूनीकरण हुने तवरले कार्य गर्दै आएकोले संस्थालाई प्रगति उन्मुख बनाउन सचेत एवम अग्रसर छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण** :

(क) यस त्रैमासिक अवधिमा वित्तीय संस्थाले कसैको बिरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र वित्तीय संस्थाको बिरुद्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त भएको छैन।

(ख) वित्तीय संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्ध प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा संचालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको वारे कुनै जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण** :

(क) यस संस्थाको शेयर कारोबार दोस्रो बजारमा सकारात्मक रहेको छ। संस्थाको व्यबसायिक अभिबृद्धि संगै लगानीकर्ताको यस संस्था प्रतिको अटुट विश्वास बढ्ने क्रममा रहेको देखिन्छ।

(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको बेभसाइट www.nepalstock.com अनुसार यस त्रैमासिक अबधीमा यस वित्तीय संस्थाको शेयर कारोबार निम्नानुसार भएको देखिन्छ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार दिन	कारोबार संख्या
२,२१५	१,८००	१,८९६.०६	५६	४,४०५

५. **समस्या तथा चुनौति** :

क) समस्या तथा चुनौती : कर्जाको साँवा र ब्याज असुली दरमा गिरावट हुदै जाँदा व्यबसाय निरन्तरतालाई कायम राख्न थप चुनौतीपुर्ण हुने देखिन्छ। त्यस्तै गरी वित्तीय संस्थाले बजारमा देखिएको अस्वस्थ प्रतिस्पर्धा, लगानीमा दोहोरोपना, दक्ष जनशक्तिको बहिर्गमन, लघुवित्त कार्यकम बिरुद्ध नकारात्मक सन्देश प्रवाह गरी कर्जाको किस्ता नतिर्नको लागि संगठीत गराउने आदि समस्याको सामना गर्दै अगाडी बढ्नु परेको छ।

ख) रणनीति : उल्लेखित चुनौतिहरुको सामना गर्दै प्रभावकारी जनशक्ति व्यवस्थापन गर्ने, खर्चमा मितव्ययीता अपनाउने, प्रतिस्पर्धी क्षमताको विकास गर्दै जाने, ग्राहक सदस्यलाई वितीय साक्षरतार/सिपमुलक तालिम प्रदान गर्ने, कर्मचारीको क्षमता अभिबृद्धि तालिम प्रदान गर्ने जस्ता रणनीति अवलम्वन गरेर उल्लेखित समस्या तथा चुनौतीको सामना गर्ने रणनीति रहेको छ।

६. **संस्थागत सुशासन** : यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु तथा कानुनहरुको परिपालना गरेको छ। संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, लगानी नीति, कर्जा नीति, नगद सञ्चालन निर्देशिका, सूचना प्रविधि सम्बन्धी निर्देशिका, कर्जा अपलेखन विनियमावली, वचत नीति, सम्पति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण सम्बन्धी नीति तथा कार्यविधी, ग्राहक संरक्षण कोष कार्यविधि, संस्थागत सामाजिक उत्तर दायित्व कार्यविधी, संचालक शिक्षा सम्बन्धी कार्यविधी, कर्मचारी कार्य सम्पादन मुल्यांकन कार्यविधि बनाइ पालना गरिएको छ। वित्तीय संस्थाले आफ्नो कारोबार चुस्त-दुरुस्त, छिटो-छरितो, पारदर्शी एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन लेखा परिक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा-सुविधा समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति लगायतका समितिहरु गठन गरी कार्यान्वयनमा ल्याएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण** : आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पुर्ण छन् र लगानीकर्ताहरुलाई सु-सुचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाइएको छैन।

प्रमाणित
आन्तरिक लेखापरीक्षक

Swabhimaan Laghubitta Bittiya Sanstha Limited
Tilottama-5, Rupandehi